# अपराध इ-बुलेटिन

वर्ष-२, अंक-६

वैशाख-असार, २०७३

(त्रैमासिक)

## “वस्तुनिष्ठ अपराध अनुसन्धान, मानवअधिकारको सम्मान”

यस इ-बुलेटिनमा...

- अपराध अनुसन्धान विभागिय गतिविधि
- अपराध समाचार
- सामुदायिक प्रहरी गतिविधि
- अपराध विश्लेषण
- विविध गतिविधि
- जनचेतना मूलक सन्देश

अपराध अनुसन्धान विभाग

प्रहरी प्रधान कार्यालय

©सर्वाधिकार सुरक्षित

## अपराध अनुसन्धान विभागिय गतिविधि

### "प्रहरी मेरो साथी" कार्यक्रमको शुभारम्भ

काठमाडौं, २७ असार

समाजमा प्रहरी मेरो साथी हो भन्ने भावना र सम्बन्धको विकास गरी नेपाल प्रहरीको छवि अभिवृद्धि गर्ने उद्देश्य सहित "प्रहरी मेरो साथी" कार्यक्रमको प्रमुख अतिथी तत्कालिन गृहमन्त्री शक्तिबहादुर बस्नेतले नेपाल पुलिस क्लब भृकुटी मण्डपमा असार २७ गते उद्घाटन गर्नुभयो।

"प्रहरी मेरो साथी" संकेत चिन्हको अनावरण र कार्यक्रमको समुदघाटन गर्दै उहाँले कार्यक्रमले प्रहरी संगठनको छवी, प्रतिष्ठा र कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन सहयोग गर्दै समाजको सकारात्मक परिवर्तनमा टेवा पुर्याउने बताउनुभयो।




*"प्रहरी मेरो साथी" उद्घाटन गर्नु हुदै तत्कालिन गृहमन्त्री शक्ति बहादुर बस्नेत*

उहांले प्रहरी र जनताबीच मजबुत सम्बन्ध अहिलेको आवश्यकता भएको बताउदै जनता र प्रहरीको सम्बन्धलाई थप मजबुत र विश्वासिलो बनाउन कार्यक्रम प्रभावकारी हुने बताउनुभयो।

सोही अवसरमा प्रमुख अतिथी बस्नेतले असार १८ गते धादिङको ‘रि’ गाविसको चेप्राङ गाउँमा पहिरो गइरहेको अवस्थामा बिकट भूगोलको बाबजुद पनि पहिरोमा फसेका अपाङ्ग बालबालिकासहित १४ जनालाई सकुशल उद्धार गर्ने प्रहरी हवल्दार रुद्र बहादुर कुमाल र प्रहरी जवान संदिप कुमाललाई उनीहरुले गरेको भूमिकाको उच्च मूल्यांकन गर्दै नगद पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभयो।

कार्यक्रममा आफ्नो मन्तव्य राख्नुहुदै प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालले जनताको अपेक्षा र प्रहरीले प्रदान गरिरहेको सेवाको बीचमा देखा परिरहेको अन्तर हटाउन यो कार्यक्रम सहायक हुने बताउनुभयो। उहाँले सामुदायिक प्रहरी सेवा २०३९ सालदेखि शुरु भएता पनि यसलाई थप प्रभावकारी र समयसापेक्ष बनाउन "प्रहरी मेरो साथी" कार्यक्रम महत्वपूर्ण हुने बताउनुभयो। उहाँले अबको प्रहरी भनेको व्यक्तिको भन्दा पनि कानूनको निर्देशन र विधिबाट संचालित हुनुपर्ने बताउनुभयो।

संस्कृतिविद् सत्य मोहन जोशीले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा "प्रहरी मेरो साथी" कार्यक्रमलाई सफल पार्न विद्यालयको पाठ्यक्रममा यस सम्बन्धी कथा, कविता र नाटक समावेश गर्नुपर्ने बताउनुभयो। उहाँले प्रहरी मेरो मात्र साथी नभई हामी सबैको साथी भएको र यस अवधारणाले राष्ट्र उत्थानका निम्ति ठूलो योगदान हुने समेत बताउनुभयो।

प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक विज्ञानराज शर्माले स्वागत मन्तव्य व्यक्त गर्दै "प्रहरी मेरो साथी" देशभर शुरुवात गरिएको जानकारी गराउनुभयो।

प्रहरी नायब उपरीक्षक विश्व अधिकारीले नेपाल प्रहरीका सवै कार्यक्रमहरुलाई प्रहरी मेरो साथीको एउटै अवधारणमा आवद्ध गर्नु, शान्ति सुरक्षा कायम गर्नमा नागरिकको भूमिका जस्ता समसामयिक बिषयहरुमा प्रशिक्षण तथा चेतनामूलक कार्यक्रमहरुको माध्ययमबाट अपराध न्यूनीकरण गर्नु, देशभरी प्रहरीका साथीहरुको सञ्जाल बनाई आवश्यक सम्पर्क र सहकार्य गर्नु कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो।

कार्यक्रममा गृहसचिव, सशस्त्र प्रहरी बलका महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरु, नागरिक समाज, संचारकर्मीहरु, कलाकार, विद्यार्थी, लगायत वरिष्ठ प्रहरी अधिकृतहरुको उपस्थिति रहेको थियो।

“प्रहरी मेरो साथी” कार्यक्रम देशका सवै जिल्ला प्रहरी कार्यालयहरुमा विभिन्न कार्यक्रम एवं चेतनामूलक -यालीको आयोजना गरी संचालन गरिएको छ। कार्यक्रमको अवसरमा आयोजित विभिन्न प्रतियोगितमा विजयी भएका व्यक्तिहरुलाई कार्यक्रमका प्रमुख अतिथिहरुले पुरस्कार तथा प्रमाणपत्र समेत बितरण गर्नुभएको थियो।

## मनोसामाजिक स्याहार तथा सहयोग विषयक प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न

काठमाडौं, १५ बैशाख

एशियन फाउन्डेसन तथा वहुसाँस्कृतिक मनोसामाजिक संस्था नेपालको सहयोगमा प्रहरी अधिकृतहरुका लागि १० दिने मनोसामाजिक स्यहार तथा सहयोग विषयक प्रशिक्षक प्रशिक्षण कार्यक्रम प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा सम्पन्न भयो।

सो अवसरमा कार्यक्रमका प्रमुख अतिथि प्रहरी नायव महानिरीक्षक विजयलाल कायस्थले प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नुभयो। उहाँले सेवाग्राहीलाई प्रभावकारी सेवा प्रदान गर्न, मनोसामाजिक व्यक्तिहरुको भावना व्यवहार वुझी प्रभावकारी अनुसन्धान गर्न एंव सेवाग्राहीको तनावलाई कम गरी अपराध अनुसन्धानको क्षेत्रमा कार्य गर्न कार्यक्रमले सहयोग पुर्याउने चर्चा गर्नुभयो। प्रशिक्षणमा सिकेका सीपलाई कार्यक्षेत्रमा लागू गर्न उहाँले प्रशिक्षार्थीलाई निर्देशन समेत दिनुभयो।

समारोहमा एसिया फाउन्डेसनकी डेपुटी कन्ट्री रेप्रिजेन्टेटिभ नन्दिता बरुहा, बहु-साँस्कृतिक मनोसामाजिक संस्था नेपालका कार्यकारी निर्देशक सुरज कोइराला, सोही संस्थाका प्रतिनिधि पिताम्वर कोइरालाले नेपाल प्रहरीमा यस प्रशिक्षणको महत्व एवं प्रभावकारिता सम्वन्धमा आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो।

बैशाख ५ गतेबाट संचालित उक्त कार्यक्रममा प्रहरी निरीक्षक ४, प्रहरी नायव निरीक्षक ७, प्रहरी सहायक निरीक्षक ९ गरी कुल २० जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो।

नेपाल प्रहरीले एशियन फाउन्डेशनको सहकार्यमा अपराध अनुसन्धानलाई समयानुकूल वैज्ञानिक तथा प्रविधियुक्त वनाउन विविध कार्यक्रमहरु संचालन गर्दै आएको छ।

**ज्येष्ठ नागरिकहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न** काठमाडौं, ३ असार प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागको आयोजनामा जेष्ठ नागरिकहरुको नेपाल प्रहरीसँगको अपेक्षा तथा अपराध नियन्त्रण एवं अनुसन्धानमा सहकार्य बिषयक अन्तरक्रिया कार्यक्रम प्रहरी प्रधानकार्यालय अपराधअनुसन्धान विभागमा असार ३ गते सम्पन्न भएको छ।



*छलफलमा सहभागीहरू*

कार्यक्रममा उक्त विभागका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक बिज्ञानराज शर्माले जेष्ठ नागरिकको सुरक्षामा राज्यको पहिलो दायित्व रहने उल्लेख गर्दै उक्त दायित्व निर्वाह गर्न नेपाल प्रहरी कटिवद्ध रहेको बताउनुभयो । जेष्ठ नागरिकको सुरक्षाका लागि सामुदायिक प्रहरी सेवा केन्द्रहरु क्रियाशील रहेको उहाँले चर्चा गर्नुभयो ।

प्रहरी नायव महानिरीक्षक बिजयलाल कायस्थले स्वागत मन्तव्य व्यक्त गर्नुभएको सो कार्यक्रममा राष्ट्रिय जेष्ठ नागरिक महासंघका महासचिव छत्र प्रधानले जेष्ठ नागरिक सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । साथै महासंघका पदाधिकारीहरुले जेष्ठ नागरिकका समस्या र चुनौतीका बारेमा जानकारी गराएका थिए ।

अन्तरक्रिया कार्यक्रमबाट जेष्ठ नागरिकको नेपाल प्रहरीबाट रहेका अपेक्षाको पहिचान गर्ने, जेष्ठ नागरिकमा रहेको लामो अनुभव एवं ज्ञानबाट सु-सूचित हुने अवसर, जेष्ठ नागरिक तथा नेपाल प्रहरीको सम्बन्ध अभिबृद्धि एवं सहकार्यको मार्ग प्रशस्त गर्ने तथा सर्वसाधारणमा नेपाल प्रहरीप्रतिको सकारात्मक सोचमा अभिबृद्धि गर्ने जस्ता बिषयमा उपलब्धी हुने अपेक्षा गरिएको छ ।

## पहिचान नखुलेका शवहरुको सुचना ब्यबस्थापन सम्बन्धी छलफल सम्पन्न

मिति २०७३/०४/०२ गते अ.अ. विभागको संयोजकत्वमा पहिचान नखुलेका शवहरुको ब्यवस्थापन सम्बन्धी उक्त क्षेत्रमा सक्रिय सामाजिक अभियन्ताहरु डा. सुगम जंग केसी, डा. सुरेन्द्र कुमार उप्रेती, डा. ध्रुब कुमार गौतम र फरेन्सिक विशेषज्ञ डा. प्रमोद श्रेष्ठ समेतको टोलीसँग छलफल सम्पन्न भयो । उक्त छलफलमा अ. अ. विभागबाट प्रहरी नायब महानिरीक्षक विजयलाल कायस्थ, प्रहरी उपरीक्षक जगतमान श्रेष्ठ र प्रहरी निरीक्षक सरला गिरीको सहभागिता रहेको थियो । छलफलमा पहिचान नखुलेका शवहरुको ब्यवस्थापनमा स्थानीय तहबाट विभागसम्म आउने सूचनामा संलग्न विषयवस्तु अझै प्रष्ट र ब्यवस्थित बनाउनका लागि उठाउनुपर्ने कदमहरुका विषयमा केन्द्रित रह्यो । तत् सम्बन्धमा सामाजिक क्षेत्रमा सक्रिय संस्थाहरु र प्रहरीबीच हुन सक्ने समन्वयात्मक कार्यहरु सम्बन्धी समेत छलफल भयो । यस सम्बन्धमा नेपाल प्रहरीको वेब साइटमा पहिचान नखुलेका शवहरुको विवरण अध्यावधिक गर्ने कार्यलाई थप ब्यवस्थित र चुस्त पार्ने सम्बन्धी योजना तयार भई कार्यान्वयन भैसकेको छ ।

## विविध

### मानव अधिकार इकाई

विभिन्न मानवअधिकारवादी संस्थाहरूको रिपोर्टको आधारमा नेपाल प्रहरीका विभिन्न इकाईहरू तथा प्रहरी कर्मचारीहरूलाई भेटिङमा राखेको सम्बन्धमा के-कसरी भेटिङबाट सफाई दिलाउने भन्ने विषयमा छलफल भएको छ । गत असार २३ गते प्रहरी महानिरीक्षक उपेन्द्र कान्त अर्याल, प्रहरी अतिरिक्त महानिरीक्षक विज्ञानराज शर्मा, प्रहरी नायब महानिरीक्षक विजयलाल कायस्थ लगायतको प्रहरी अधिकारीहरूको टोलीले उक्त विषयमा तत्कालिन महान्यायधिवक्ता, सह-न्यायधिवक्ताहरू तथा अमेरिकी दुतावासका अधिकारीहरूसँग छलफल गरेको छ । यस अघि भेटिङ कै विषयमा गठन भएको समितिका अध्यक्ष प्रहरी अतिरिक्त महानिरीक्षक विज्ञानराज शर्मा तथा प्रहरी नायव महानिरीक्षक विजयलाल

कायस्थ सहितका समितिका सदस्यहरूको टोलीले नेपाल बारको अध्यक्ष तथा तत्कालिन महा-न्यायधिवक्ता हरि फुंयालसँग छलफल गरेको थियो।

यसैगरी सोही विषयमा अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक विजयलाल कायस्थ सहितको टोलीले राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष मोहना अन्सारी ,इन्सेकका अध्यक्ष सुवोध प्याकुरेल, , एम्नेष्टी ईन्टरनेसनलका अध्यक्ष सुर्य बहादुर अधिकारी , Third Alliance का दिपेन्द्र झा लगाएतका मानवअधिकारवादी संघसंस्थाका प्रतिनिधिहरुसँग समेत छलफल गरेको थियो।

## महिला तथा बालबालिका सेवा निर्देशानालय

वैशाख देखी असारसम्म महिला तथा बालबालिका सेवा  निर्देशनालयबाट गरिएका क्रियाकलापहरू :-

- मिति २०७३/०१/०६ गते देखी असार सम्म विभिन्न मितिहरुमा महिला तथा बालबालिका सेवा केन्द्र स्थापना सम्बन्धी परियोजना अन्तरगत दोलखा, सप्तरी, महोत्तरी, सिन्धुली, धादिङ्ग, गोरखा, बाँके, सुर्खेत जिल्लाहरुमा २४० जना प्रहरी कर्मचारीहरुलाई ५ दिवसिय Gender Responsive Investigation & Counseling तालिम प्रदान गरिएको।
- मिति २०७३/०१/०६ गते देखी असार सम्म विभिन्न मितिहरुमा महिला तथा बालबालिका सेवा केन्द्र स्थापना सम्बन्धी परियोजना अन्तरगत दोलखा, सप्तरी, महोत्तरी, सिन्धुली, धादिङ्ग, गोरखा, बाँके, सुर्खेत जिल्लाहरुमा २४० जना लैंङ्गिक हिंसा नियन्त्रण संजाल समितिका सदस्यहरुलाई Capacity Enhancement Training Workshop for GBV Network Committee Members Service Provider विषयक २ दिवसिय अनुशिक्षण प्रदान गरिएको।
- UNICEF नेपालको सहयोगमा मिति २०७३/३/०९ गते देखी १७ गते सम्म राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा २३ जना सिनियर प्रहरी अधिकृतहरुको लागी ८ दिवसिय TOT on Justice for Children विषयक प्रशिक्षक प्रशिक्षण  तालिम संचालन गरिएको। जसमा २३ जना प्रहरी निरिक्षकहरु सहभागी भएका थिए।
- UNICEF  नेपालको सहयोगमा मिति २०७३/०३/२६ गते देखी ३० गते सम्म ५ वटौ क्षेत्रिय प्रहरी तालिम केन्द्रहरुमा प्रत्येक क्षेत्रिय प्रहरी कार्यालय मातहत विभिन्न जिल्लाहरुबाट ३०/ ३० जनाका दरले जम्मा १५० जना प्रहरी कर्मचारीहरुलाई Justice for Children  विषयक ५ दिवसिय तालिम प्रदान गरिएको।
- Asia Foundation तथा Transcultural Psycho Social Organization, Nepal को सहयोगमा मिति २०७३/०३/२० गते देखी २४ गते सम्म काठमाण्डौ, ललितपुर, भक्तपुर र काभ्रे जिल्लाको महिला तथा बालबालिका सेवा केन्द्रमा कार्यरत तथा अपराध अनुसन्धान समुहमा कार्यरत प्रहरी कर्मचारीहरुलाई ५ दिवसिय

Psychosocial Counseling Skills तालिम प्रदान गरिएको जसमा प्र.ना.नि. २, प्र.स.नि. ६, प्र.ह. १० र प्र.ज. २७ जना सहभागी भएका थिए।

## C4-CDR

मिति २०७१।०५।०२ गतेवाट C4-CDR शाखा बिधिवत रुपमा संचालन भई अपराध अनुसन्धानको सिलसिलामा अपत्यका बाहेकका ७२ जिल्लाहरुबाट माग भई आएको Operational Data (Call Details, SMS, User Details, Location, LIMEI, BTS) लगायतको विवरण उपलब्ध गराउदै आएको छ। मिति २०७३ वैशाख देखि असार सम्मको यस शाखाले गरेको Call Detail Record यसप्रकार छ :

### वैशाख

| सि.न. | क्षेत्र | CDR | Location | IMEI | SMS | User | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुर्व क्षेत्र | ४०१ | ३६१ | ३८० | ११ | ३२४ | १४७७ | |
| २ | मध्य क्षेत्र | ४९९ | ३९६ | ४०२ | १२ | ३५० | १६५९ | |
| ३ | पश्चिम क्षेत्र | ३८० | ३०१ | २१५ | १३१ | २६१ | १२८८ | |
| ४ | म.पश्चिम क्षेत्र | १७१ | १५५ | ९४ | १६ | १२६ | ५६२ | |
| ५ | सु.प. क्षेत्र | ८३ | ४६ | १३९ | ० | ९२ | ३६० | |
| | **जम्मा** | **१५३४** | **१२५९** | **१२३०** | **१७०** | **११५३** | **५३४६** | |

### ज्येष्ठ

| सि.न. | क्षेत्र | CDR | Location | IMEI | SMS | User | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुर्व क्षेत्र | ३३३ | २८४ | ४५२ | १२ | २४२ | १३२३ | |
| २ | मध्य क्षेत्र | ४७३ | ४०५ | ६०७ | २३ | ३६२ | १८७० | |
| ३ | पश्चिम क्षेत्र | ३६१ | ३१४ | २९३ | ३४ | २२२ | १२२४ | |
| ४ | म.पश्चिम क्षेत्र | १२८ | १०५ | ६२ | १६ | ८१ | ३९२ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | सु.प. क्षेत्र | १०२ | २१ | ८४ | ० | ७३ | २८० | |
| | **जम्मा** | **१३९७** | **११२९** | **१४९८** | **८५** | **९८०** | **५०८९** | |

## असार

| सि.न. | क्षेत्र | CDR | Location | IMEI | SMS | User | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुर्व क्षेत्र | ४९३ | ४३५ | ६३६ | ३३ | ३५४ | **१९५१** | |
| २ | मध्य क्षेत्र | ४६३ | ४१४ | ६५८ | २९ | ३८३ | **१९४७** | |
| ३ | पश्चिम क्षेत्र | ४१३ | ३८८ | ३२० | ४२ | २९३ | **१४५६** | |
| ४ | म.पश्चिम क्षेत्र | १४२ | ११० | ४५ | ७ | ८४ | **३८८** | |
| ५ | सु.प. क्षेत्र | ११९ | ६९ | १२५ | ८ | ५१ | **३७२** | |
| | **जम्मा** | **१६३०** | **१४१६** | **१७८४** | **११९** | **११६५** | **६११४** | |

## पोलिग्राफ

प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, पोलिग्राफ शाखाको २०७३ साल वैशाख देखि असार महिना सम्मको परीक्षण विवरण :-

| सि.नं. | मुद्दा शिर्षक | जम्मा मुद्दा संख्या | झुठ बोलेको संकेत (DI) | झुठ नबोलेको संकेत (NDI) | राय दिन नसक्ने अवस्था (NO) | महिला | पुरूष |
|---|---|---|---|---|---|---|---|
| १ | **कर्तव्य ज्यान** | ७५ | ३३ | ३५ | ७ | **५३** | **२२** |
| २ | **घुस रिसवत** | २० | १६ | ३ | १ | **२०** | **०** |
| ३ | **चोरी** | २७ | १० | १५ | २ | **२४** | **३** |
| ४ | **आन्तरिक अनुसन्धान** | ४ | ४ | ० | ० | **४** | **०** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ज्या.मा.उ. | १ | १ | ० | ० | १ | ० |
| ६ | ठगी | ४ | ४ | ० | ० | ४ | ० |
| ७ | हा.ह.ख.ख. | २ | २ | ० | ० | २ | ० |
| ८ | ज.ज.क. | ३ | २ | १ | ० | २ | १ |
| ९ | स. दुर्घटना | १ | १ | ० | ० | १ | ० |
| | **जम्मा** | **१३७** | **७३** | **५४** | **१०** | **१११** | **२६** |

## खोजतलास एवमं समन्वय शाखा

देश भरि हराएका मानिसहरुको २०७३ वैशाख देखि असार महिना सम्मको विवरण-:

| पुरुष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| ३७१ | १२२२ | १८७ | २८३ | २०६३ |

हराएका मध्ये फेला परेका मानिसहरुको विवरण:-

| पुरुष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| ८४ | २७० | ८३ | ९९ | ५३६ |

देशभर सनाखत हुन नसकेको शवहरुको वैशाख देखि असार महिना सम्मको विवरण

| पुरुष | महिला | बालक | बालिका | मानव कंकाल | **जम्मा** |
|---|---|---|---|---|---|
| ३३ | ६ | - | - | - | **३९** |

## अपराध समाचार

### (१) कर्तब्य ज्यान

रौतहट, ८ बैशाख

जेठी श्रीमती २४ बर्षीया मन्जुदेवी दासलाई टाँउकोमा ढुंगाले हानी हत्या गर्ने भसेढवा–६ बस्ने २७ बर्षीय रामनारायण दासलाई प्रहरीले पक्राउ गरेको छ।

इलाम, १४ बैशाख

पाँचथर लुङरुपा–४ घर भई जमुनामा काम गरी बस्ने ३९ बर्षीय रण बहादुर राईलाई धारिलो हतियार खुकुरी प्रहार गरी हत्या गर्ने जमुना–१ इङला बस्ने २८ बर्षीय खेम राईलाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौँ, १७ बैशाख

२०५२ साल असोज २७ गते काठमाडौँ महानगरपालिका ठमेल स्थित रेगी पवमा इटालियन नागरिक २१ बर्षीय डेभिड क्यारारोलाई कुटपिट तथा चक्कु प्रहार गरी कर्तब्य गरी हत्या गर्ने कार्यमा संलग्न भई फरार रहेका मनाङ डावल गाबिस–७ घर भई हाल काठमाडौँ महानगरपालिका–१६ ठमेल बस्ने ४० बर्षीय सण्डुप घले, टाँसी भोटे गुरुङ भन्ने टाँसी गुरुङलाई प्रहरीले पक्राउ गरेको छ।

पर्सा, १२ जेठ

आफ्नै दुई वटी छोरी ४ बर्षीया काजल देवी र ३ बर्षीया अनिता देवीलाई बिरगंज उपमहानगरपालिका–१८ भेडीयाईस्थित खोलामा पानीमा डुवाई हत्या गरेको अभियोगमा बारा कलैया बस्ने २२ वर्षीया सबिता देवीलाई प्रहरीले पक्राउ गरेको छ।

### (२) जबरजस्ती करणी

सप्तरी, २ बैशाख

बनैनिया–९ बस्ने १४ वर्षीया (बोल्न नसक्ने) बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सोही ठाउँ बस्ने १९ वर्षीय राजेश सदा र १२ वर्षीय अजय सदालाई प्रहरीले पक्राउ गरेको छ।

बर्दीया, १५ बैशाख

१२ बर्षीया बालिकालाई जवरजस्ती करणी गरेको अभियोगमा सोरहवा– २ बस्ने २३ बर्षीय मिलन भन्ने अकबर बादीलाई प्रहरीले पक्राउ गरेको छ।

नवलपरासी, ३ जेठ

आफ्नै १२ वर्षीया झड्केली छोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा धुरकोट गाबिस–८ बस्ने ४६ वर्षीय पुरुषलाई  प्रहरीले पक्राउ गरेको छ।

भक्तपुर, १० जेठ

सुर्खेत घर भई हाल स्वेत ईट्टा भट्टामा बस्ने ४ बर्षीया वालिकालाई जवरजस्ती करणी गरेको अभियोगमा नगरकोट नगरपालिका–२ ताथली स्थित सोही स्वेत ईट्टा भट्टामा काम गर्ने रोल्पा घर भएका १८ बर्षीय पूर्ण बहादुर बुढालाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौँ, ६ असार

६ जना महिलालाई जवरजस्ती करणी पछि हत्या गर्ने कर्तव्य ज्यान मुद्धाका फरार अभियुक्त अस्थायी ठेगाना भारत नयाँ दिल्ली नोयडा तथा स्थायी ठेगाना बारा डुमरवाना–६ खोरगाउँ भएका ५० बर्षीय प्रेम भन्ने मानबहादुर बुढाथोकीलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्युरोले पक्राउ गरेको छ।

२०५३ असार १० गते महोत्तरी बर्दिबास–१ बस्ने २० बर्षीया शारीरिक रुपमा असक्त महिलालाई महोत्तरी माईस्थान–३ स्थित महेन्द्र राजमार्ग नजिक जंगलमा जबरजस्ती करणी गरी पछ्यौराले घाँटी बाँधी मारेको अबस्थामा शव फेला परेको र उक्त घटना अनुसन्धानको क्रममा बुढाथोकी संलग्न रहेको खुल्न आएको थियो। साथै निजले २०५२ र २०५३ सालका बिभिन्न मिति र समयमा धनुषा र महोत्तरी जिल्लाका बिभिन्न स्थानहरुमा ६ जना महिलाहरुलाई जबरजस्ती करणी गरी कर्तव्य गरी मारेको समेत खुल्न आएको छ। यी लगायत अन्य ३२ वटा सोही प्रकृतिबाट जवरजस्ती करणीका घटनाहरु घटाई फरार रहेको भनी निजले स्वीकार गरेको व्यूरोले जनाएको छ। उनलाई आवश्यक अनुसन्धान कारवाहीका लागि ब्यूरोले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा बुझाएको छ।

कञ्चनपुर, १० असार

बेलौरी नगरपालिका–१४ टापार बस्ने ४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सोही ठाउँ बस्ने २३ वर्षीय टिके नेपालीलाई प्रहरीले पक्राउ गरेको छ।

ताप्लेजुङ, २७ असार

७ बर्षीया बालिकालाई ललाई फकाई मकैबारीमा लगेर जवरजस्ती करणी गरेको अभियोगमा थुकिम्बा–४ बस्ने २० बर्षीय बुद्धबिर चोङबाङलाई प्रहरीले पक्राउ गरेको छ।

### (३) लागू औषध सम्बन्धि

बारा, ३ बैशाख

गढिमाई नगरपालिका–२ बस्ने ३४ वर्षीय रमेश थापालाई ब्राउन सुगर ४ सय २० मिलिग्राम, फेनारगन १० पिस, डाइजेलेभ १० पिस र नुरफिन १० पिससहित प्रहरीले पक्राउ गरेको छ। साथै उनले राष्ट्रिय वन जंगलबाट साल जातको

काठको गोलिया ६ थानमा रहेको २५.२८ क्यूफिट ल्याई लुकाई छिपाई राखेको अवस्थामा प्रहरीले फेला पारी बरामद गरेको छ।

पर्सा, १३ बैशाख

क्षेत्रीय प्रहरी कार्यालय हेटौडा र जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको संयुक्त प्रहरी टोलीले विआर ०१ जिए ५२७५ नम्वरको पिकअप गाडीबाट अवैध लागू औषध गाँजा १ सय २० के.जी बरामद गरेको छ।

बाँके, २० असार

नेपालगंज उपमहानगरपालिका–२२ स्थित जमुनाह चेकपोष्टमा चेकजाँचको क्रममा दाङ घोराही बस्ने २२ बर्षीय विश्वास घर्तीमगर र २२ बर्षीय अनिल बुढालाई प्रहरीले लागूऔषध ब्राउन सुगर ८ ग्राम सहित पक्राउ गरेको छ।

काठमाडौँ, ६ असार

धादिङ : मकवानपुर टिस्टुङ– ५ बस्ने २५ बर्षीय फुलमान गोलेलाई प्रहरीले अवैध लागू औषध चरेश ३ के.जी. सहित पक्राउ गरेको छ। अस्थाई प्रहरी पोष्ट हाप्सेचौरबाट खटिएको प्रहरी टोलीले धार्के–६ हाप्सेचौर स्थित त्रिभुवन राजपथमा मकवानपुरबाट काठमाडौतर्फ जाँदै गरेको बा.३ ख ५३८९ नम्बरको माइक्रोबस चेकजाँच गर्दा गोलेले कम्मरमा बाधी लुकाइ छिपाई ल्याएको अवस्थामा उक्त चरेश बरामद भएको थियो।

दाङ : तुल्सीपुर नगरपालिका–५ रानिजरुवा बस्ने ३२ वर्षीय भुमि घर्तीलाई प्रहरीले १० वटा पुरियामा रहेको १ ग्राम ५ सय मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको छ।

**(४) बन्यजन्तु सम्बन्धि**

काठमाडौं, ११ वैशाख

दुर्लभ वन्यजन्तु हाब्रेको छाला सहित बुढानिलकण्ठ नगरपालिका–१२ वस्ने २६ वर्षिय सन्देह लिम्बु, गोरखा टाक्लुङ बस्ने ४३ वर्षिय देउ नारायण श्रेष्ठ र रामेछाप रसनालु–७ वस्ने ४६ वर्षिय अमृत बहादुर तामाङ लाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौँ, १० जेठ

ललितपुर कार्यबिनायक नगरपालिका–१६ बुङमतीमा दुर्लभ बन्यजन्तु चितुवाको २ थान छाला सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा काठमाडौँ सतुंगल बस्ने सुनसरी ईनरुवा नगरपालिका–३ का ४० बर्षीय सुन्दर राई, दक्षिणकाली नगरपालिका–९ बस्ने ३७ बर्षीय समशेर छिमी तामाङ र मकवानपुर फाखेल–२ बस्ने ५२ बर्षीय नक्कल बहादुर बल रहेका छन्।

पर्सा, ४ असार

वीरगंज उपमहानगरपालिका–२३ स्थित सडकबाट पर्सा महुवन बस्ने सिन्धुली रातामाटा–६ का ५७ वर्षीय पुर्ण बहादुर मोक्तानलाई जंगली जनावर बँदेलका २ वटा बच्चाहरु प्लास्टिकको झोलामा लुकाईछिपाई राखेको अवस्थामा प्रहरीले पक्राउ गरेको छ।

रसुवा, ३ असार

प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरो र जिल्ला प्रहरी कार्यालय रसुवाबाट खटिएको संयुक्त प्रहरी टोलीले राम्चे–५ बस्ने २४ बर्षीय रामकृष्ण वाइबा र १९ बर्षीय सुजन तामाङलाई १ थान रेडपाण्डाको छालासहित पक्राउ गरेको छ।

काठमाडौँ, २६ असार

बर्दीया राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र चोरी शिकार तथा अखेटोपहार खरिद विक्री गरेको अभियोगमा २०६८ असार २३ गते भएको फैसला बमोजिम ८ बर्ष कैद र १ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका सुर्खेत हरिहरपुर–३ बस्ने ४३ बर्षीय जय दर्लामी भन्ने जनक दर्लामीलाई प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरोबाट खटिएको प्रहरी टोलीले बालाजु बसपार्कबाट पक्राउ गरेको छ।

### (५) ठगि सम्बन्धि

काठमाडौं, १६ बैशाख

रसिया पठाइदिने भनी ठगी गर्ने काठमाडौं मनमैजु बस्ने मकवानपुर हेटौंडा नगरपालिका–११ का २२ वर्षीय विजय थापालाई महानगरीय अपराध महाशाखाले काठमाडौं गौशालाबाट पक्राउ गरेको छ। थापाले अर्घाखाँची सन्धीखर्क नगरपालिका–४ बस्ने २७ वर्षीय विष्णुबहादुर बस्नेतसमेतका ४ जनालाई विभिन्न प्रलोभन देखाई प्रतिव्यक्ति ५ लाख रुपैयाँका दरले दिएमा रसिया लैजाने भनि आफु मात्र रसिया जान लागेको अवस्थामा पीडितहरुको सूचनाको आधारमा महाशाखाले उनलाई पक्राउ गरेको हो।

काठमाडौं, ३ असार

भूकम्प पीडितहरुलाई जापान पठाइदिन्छु भनी ठगी गर्ने जापानिज नागरीक जापान क्युटोका ५५ वर्षीय हिरोसि मोरिकवा र काठमाडौं महानगरपालिका–२ लाजिम्पाट बस्ने ५० वर्षीय बज्र गुरुङलाई काठमाडौं न्यूरोडबाट महानगरीय अपराध महाशाखाले पक्राउ गरेको छ। उनीहरुले जापानमा पासोना नामको मल्टीनेशनल कम्पनीको मेनेजर आफ्नो विगत ४५ बर्ष देखिको साथी भएकोले ८ लाख रुपैयाँमा जापान पठाउने र प्रतिमहिना ३ देखि ४ लाख रुपैयाँ कमाई हुने भनि गोरखा घर हुने जनकराज ढकाल समेत १२ जनाबाट ११ लाख ३० हजार रुपैयाँ लिएको खुल्न आएको छ। उक्त रकम लिएकोमा जापान पठाउन नसकी पीडितहरुसँग सम्पर्क विहिन भएपश्चात पीडितहरुले महाशाखामा निवेदन दिएपछि महाशाखाको विशेष टोलीले ठगी कार्यमा संलग्न उनीहरुलाई पक्राउ गरी ठगी मुद्दामा आवश्यक कारवाहीको लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाएको छ।

काठमाडौं, १७ असार

कास्की पोखरा उपमहानगरपालिका–१३ घर भई हाल काठमाडौ महानगरपालिका–१४ कलंकी बस्ने ३३ वर्षीय मोहमद इमराम मिया र नवलपरासी प्रगती गाविस–४ का २८ वर्षीय बिश्राम शर्मालाई कास्की पोखरा उपमहानगरपालिका–२८ बस्ने ३४ वर्षीय अमृत तामाङ र सोही ठाउँ बस्ने २८ वर्षीय सुरेश तामाङलाई पोर्चुगल पठाई दिने भनी नगद ३६ लाख रुपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले पक्राउ गरेको छ।

काठमाडौँ, २० असार

भुकम्प पीडित कोटामा क्यानाडा पठाई दिने भनी ठगी गर्ने काठमाडौ धापासी घर भई हाल टोखा नगरपालिका–८ बस्ने ३१ बर्षीय देव जङ्ग पण्डितलाई प्रहरीले पक्राउ गरेको छ। पण्डितले क्यानाडाको लागि भुकम्प पीडितको कोटा आएको छ भनि बुढानिलकण्ठ नगरपालिका–१७ बस्ने मच्छे श्रेष्ठलाई बिश्वास दिलाई पटक पटक गरी २२ लाख आई.एम.ई. गरि खातामा राख्न लगाएपछि क्यानडा पठाउने भनि साउथ अफ्रिकासम्म पुर्याई अलपत्र पारी फरार भएका थिए।

### (६) बिदेशि मुद्रा सम्बन्धि

पर्सा, ९ जेठ

बीरगंज उपमहानगरपालिका–५ मा चेकजाँच गर्ने क्रममा वीरगंज–१५ बस्ने ३३ वर्षीय रन्जनकुमार साहलाई अबैधरूपमा ओसार पसार गरी ल्याएको ५ लाख ४८ हजार ५ सय भारतीय रूपैयाँसहित प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं, ११ जेठ

प्रहरी प्रधान कार्यालय, बिशेष ब्यूरोको सूचनाको आधारमा महानगरीय प्रहरी परिसर काठमाडौँको प्रहरी टोलीले पाकिस्तानी नागरिक सामा नाजलाई जेठ ८ गते त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल गोल्डेनगेट सिनामंगलबाट जाली अमेरिकी डलर १९ हजार ५ सय र जाली भारतीय रुपैयाँ ३६ लाख सहित पक्राउ गरेको छ। सामा नाज कराँचीबाट दोहा हुँदै कतार एयरवेयजबाट काठमाडौँ आएको खुल्न आएको छ। निजले सुटकेशमा फल्सबटम बनाई तथा विभिन्न खाद्य सामाग्रीका प्याकेटहरुभित्र जाली मुद्रा प्याकिङ गरी हवाईमार्गबाट काठमाडौँ ल्याउने गरेको तथा जाली मुद्रा पठाउने व्यक्तिलाई हुण्डीमार्फत रकम भुक्तान गर्ने गरेको खुल्न आएको छ।

काठमाडौं, २० असार

त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा कार्यरत टेक्नीसियन सिनियर अधिकृत सिराहा लक्ष्मिनिया घर भएका ३५ वर्षीय सुरेशकुमार दास पायालाई प्रहरीले बिमानस्थलको शौचालयबाट ४ हजार ४ सय ५० युएस डलरसहित पक्राउ गरेको छ।

**(७) चोरी सम्बन्धि**

सर्लाही, ४ वैशाख

हरिवन नगरपालिका–११ स्थित नयाँबस्ती बस्ने मदन प्रधानको घरमा  कोही नभएको अवस्थामा अपरिचित ब्यक्तिहरु प्रवेश गरी सुन र चाँदीका बिभिन्न गरगहना र नगद ५० हजार गरी करीव १२ लाख रुपैयाँ बराबरको धनमाल चोरी फरार भएका छन् ।

काठमाडौँ, ५ असार

चोरीको मोटरसाइकल सहित बनस्थली बस्ने कालिकोट घर भएका २१ बर्षीय गोविन्द गुरुङ्ग र १९ बर्षीय प्रकाश शाही ठकुरीलाई प्रहरीले पक्राउ गरेको छ । गत बैशाख २७ गते ठमेल स्थित मुन लाईट क्याफेमा पार्किङ गरी रहेको बा.६३ प ६४४२ नम्वरको मोटरसाइकल चोरी फरार रहेका उनीहरुलाई प्रहरीले कागेश्वरी मनहरा नगरपालिका–१३ काँडाघारी गान्धी मोडबाट उक्त मोटरसाइकलको नम्बर प्लेट फेरी भे.५ प ९४६७ नम्वरको प्लेट राखी चलाई रहेको अवस्थामा पक्राउ गरेको हो ।

**(८) मानव बेच विखन सम्बन्धि**

काठमाडौं, २२ असार

महिला बेचबिखनमा संलग्न रहेको अभियोगमा बाग्लुङ घर भई हाल काठमाडौं जोरपाटी माकलबारी बस्ने ३६ वर्षीय लक्ष्मण सापकोटा र सिन्धुपाल्चोक दुवाचौर गाबिस–७ घर भई हाल काठमाडौ जोरपाटी माकलबारी बस्ने २८ वर्षीय रिमजिम तामाङलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी प्रभाग नागढुंङगाबाट खटिएको प्रहरी टोली र माईती नेपालको संयुक्त टोलीले काठमाडौँबाट पोखरातर्फ जांदै गरेको बा.२ ख २०५८ नम्बरको माईक्रो बस चेकजांच गर्ने क्रममा सिन्धुपाल्चोक दुवाचौर–७ बस्ने २० बर्षका २ जना महिलाहरुलाई उनीहरुले भारतको दिल्ली लैजान लागेको अवस्थामा फेला पारेको थियो ।

**(९)  हातहतियार सम्बन्धि**

सप्तरी, १ बैशाख

ईटहरी विष्णुपुर–१ स्थित सडकबाट स.६ प १६९२ नम्बरको मोटरसाइकलमा सवार राजविराज नगरपालिका–७ बस्ने २३ वर्षीय विपिन झालाई अटोमेटिक पेस्तोल १ थान र मोटरसाइकलसहित प्रहरीले पक्राउ गरेको छ ।

सिराहा, ६ बैशाख

सुखिपुर नगरपालिका–९ स्थित औरही–धनगढी सडक खण्डमा बिआर ३२ एफ १६०३ नम्बरको मोटरसाइकल चालक हर्कटी–५ बस्ने ४५ वर्षीय हरिगोविन्द यादव र मोटरसाइकलमा सवार हर्कटी–१ बस्ने ५६ वर्षीय भुटन सदा

दासलाई १ थान त्रिशुल, रातो रंगको झोलामा लुकाएको २ थान कटुवा पेस्तोल, १ थान शंख र १ थान कमण्डलुसहित प्रहरीले पक्राउ गरेको छ।

तेह्रथुम ,५ असार

खम्लालुङ–३ बस्ने ४९ बर्षीय पदम चोङवाङलाई प्रहरीले आफ्नै भाईको घरमा अवैध भरुवा बन्दुक लुकाई राखेको अवस्थामा लोड गरेको १ थान भरुवा बन्दुक सहित पक्राउ गरेको छ।

महोत्तरी, १२ असार

श्रीपुर–७ बस्ने ३२ वर्षीय वकिल साह समेत २ जनालाई १ राउण्ड लोड गरेको कटुवा पेस्तोल, १ थान चक्कु र फलामको रडसहित प्रहरीले पक्राउ गरेको छ।

## सामुदायिक प्रहरी गतिविधि

**सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी सेवा केन्द्रहरूले संचालन गरेका सामुदायिक गतिविधिहरू**

| सि.नं. | क्रियाकलाप | वैशाख | जेठ | असार |
|---|---|---|---|---|
| १ | अपराध रोकथाम तथा नियन्त्रण सम्बन्धि क्रियाकलाप | १६० | ३०९ | ४९१ |
| २ | जनचेतना मुलक क्रियाकलाप | १५८ | २२३ | ६५३ |
| ३ | सामाजिक क्रियाकलाप | ६८ | ८६ | १९५ |
| ४ | जनस्वास्थ्य तथा वातावरण सम्बन्धी | ५५ | १०८ | १३४ |
| ५ | विविध | ६३ | ११५ | १२४ |
| ६ | लागुऔषध | १८ | ५६ | १५८ |
| ७ | घरेलु तथा महिला हिंसा विरूद्ध जनचेतनामूलक | ७ | २० | ५० |

## अपराध तथ्यांक

**वैशाख, २०७३**

| अपराध शिर्षक | पूर्वाञ्चल | मध्यामञ्चल | उपत्यका | ब्युरो | पश्चिमाञ्चल | म.प.क्षे. | सु.प. क्षे. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| खुन डाका | | | | | | | | ० |
| कर्तव्य ज्यान | १० | ११ | २ | | १३ | १० | ७ | ५३ |
| विष खुवाएर | | | | | | | | ० |
| ज्यान मार्ने उध्योग | २७ | १९ | ९ | | ८ | १२ | २ | ७७ |
| भवितव्य ज्यान | ४६ | ६१ | ५५ | | ५१ | ३२ | १० | २५५ |
| फुटकर ज्यान | ३ | २३ | ३ | | २५ | १० | ५ | ६९ |
| गौवध | | २ | | | १ | १ | | ४ |
| गर्भपतन | १ | | | | | | १ | २ |
| **जम्मा** | **८७** | **११६** | **६९** | ० | **९८** | **६५** | **२५** | ४६० |
| बिष खाएर | १० | २४ | १३ | | २२ | २७ | १० | १०६ |
| आगो लगाएर | | | | | २ | १ | | ३ |
| झूण्डिएर | ७० | ५९ | २६ | | ७३ | ५८ | २३ | ३०९ |
| हाम फालेर | १ | १ | १ | | ५ | | | ८ |
| करेण्ट लाएर | | | | | | | | ० |
| हात हतियार औजारवाट | | | | | | १ | | १ |
| पानीमा हाम फालेर(डुवेर) | | | | | १ | | | १ |
| **जम्मा** | **८१** | **८४** | **४०** | ० | **१०३** | **८७** | **३३** | ४२८ |
| डाका चोरी | | २ | | | १ | | | ३ |
| रहजनी चोरी | | | | | १ | | | १ |
| नकबजनी चोरी | | | २ | | ४ | २ | १ | ९ |
| जवरजस्ती चोरी | १ | १ | ४ | | ३ | १ | | १० |
| साधारण चोरी | २८ | १७ | १७ | | ११ | ५ | ३ | ८१ |
| सवारी चोरी | | | २ | | | | ४ | ६ |
| पुरातात्विक चोरी | | | | | | १ | | १ |
| चौपाया चोरी | | १ | | | | | | १ |
| जम्मा | २९ | २१ | २५ | ० | २० | ९ | ८ | ११२ |
| जूवा | ४ | ६ | ५ | | २ | | | १७ |
| खोटा चलन | | १ | १ | | | | | २ |
| ठगी | १७ | १३ | १५ | १ | ३ | २ | | ५१ |
| लागू औषध | ४२ | ४९ | २२ | | ४६ | ७ | २ | १६८ |
| कालो बजार | | २ | ५ | | ३ | | | १० |
| प्राचिन स्मारक | | | | | | | | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| चंदा संकलन | | | | | १ | | | १ |
| सरकारी छाप दस्तखत किर्ते | २ | ६ | ६ | १ | ३ | | १ | १९ |
| राहदानी | | | | | | | | ० |
| ब्यक्ति अपहरण | | ३ | | | ३ | २ | | ८ |
| हातहतियार खरखजना | १२ | ५ | ३ | | ५ | ४ | ३ | ३२ |
| प्रतिलिपी अधिकार उल्लंगन | | | | | | | | ० |
| **जम्मा** | ७७ | ८५ | ५७ | २ | ६६ | १५ | ६ | ३०८ |
| केही सार्वजनिक अपराध | १६० | १६१ | २८५ | | १२१ | ५१ | ३१ | ८०९ |
| नागरिकता सम्बन्धी | | ५ | १ | १ | | | | ७ |
| कुटपिट अंगभंग | १ | १ | | | | | | २ |
| राज्य विरुद्दको अपराध | | | | | | | | ० |
| धर्म परिवर्तन | | | | | | | | ० |
| आवश्यक वस्तु संरक्षण ऐन | | | | | | | | ० |
| आवश्यक सेवा संचालन ऐन | | | | | | | | ० |
| जातीय भेदभाव तथा छुवाछूत | १ | १ | | | | | १ | ३ |
| **जम्मा** | १६२ | १६८ | २८६ | १ | १२१ | ५१ | ३२ | ८२१ |
| मा.बे.बि. तथा ओसारपसार | ५ | ५ | १ | | ८ | २ | ५ | २६ |
| बहु विवाह | ११ | १३ | ४ | | ११ | ५ | ३ | ४७ |
| वाल विवाह | | १ | | | १ | १ | | ३ |
| जवरजस्ती करणी | ३५ | २० | १० | | १४ | २० | ९ | १०८ |
| जवरजस्ती करणी उद्योग | ८ | ६ | ५ | | १० | ४ | २ | ३५ |
| अप्राकृतिक मैथुन | | | | | १ | | | १ |
| बोक्सीको आरोप | ३ | १ | | | | १ | | ५ |
| घरेलु हिंसा | १ | | | | | | | १ |
| **जम्मा** | ६३ | ४६ | २० | ० | ४५ | ३३ | १९ | २२६ |
| सवारी ज्यान | ३९ | ४१ | २२ | | ४६ | २६ | १० | १८४ |
| सवारी अंगभंग | १ | ५ | १ | | १ | | | ८ |
| सवारी दुर्घटना | | | | | | | | ० |
| सवारी वाट क्षती | | | | | | | | ० |
| **जम्मा** | ४० | ४६ | २३ | ० | ४७ | २६ | १० | १९२ |
| मा.बे.बि. तथा मानव अंग प्रत्यारोपण | | | | | | | | ० |
| मा.बे.बि तथा जवरजस्ती करणी | | | | | | | | ० |
| कुटपिट गरी गर्भ तुहाएको | | | | | | | | ० |
| जिउदो वच्चा जन्माई फालेको | | | | | | | | ० |
| आगलागी सम्बन्धी | २ | | | | २ | ६ | | १० |
| विष्फोटक पदार्थ | | | | | | | | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बम विष्फोटन | | | | | | | | ० |
| अपहरण तथा शरिर वन्धक | | | | | | | | ० |
| अपहरण तथा जवरजस्ती करणी | | | | | | | | ० |
| गोरुगाडाले किची मृत्यु | | | | | | | | ० |
| अपहरण तथा शरिर वन्धक उध्योग | | २ | | | | | | २ |
| संगठीत अपराध | | | | | | | | ० |
| विधुतिय कसुर तथा साईवर अपराध | | | ५ | | | | | ५ |
| दुरसंचार कसुर, टेलिफोन तार चोरी | | | | | | | | ० |
| वैंकिङ कसुर | | | | | | | | ० |
| परिक्षा तथा शिक्षा ऐन | | | | | १ | | | १ |
| चौपायाको महल | | | | | | | | ० |
| चिठ्ठा | | | | | | | | ० |
| अन्य | | १ | | | | १ | | २ |
| **जम्मा** | २ | ३ | ५ | ० | ३ | ७ | ० | २० |
| | पूर्वाञ्चल | मध्यमाञ्चल | उपत्यका | ब्युरो | पश्चिमाञ्चल | म.प.क्षे. | सु.प. क्षे. | जम्मा |
| **कुल जम्मा** | ५४१ | ५६९ | ५२५ | ३ | ५०३ | २९३ | १३३ | २५६७ |

## जेठ, २०७३

| अपराध शिर्षक | पूर्वाञ्चल | मध्यामञ्चल | उपत्यका | ब्युरो | पश्चिमाञ्चल | म.प.क्षे. | सु.प. क्षे. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| खुन डाका | | | | | | | | ० |
| कर्तव्य ज्यान | ११ | ९ | ३ | | ९ | ९ | ८ | ४९ |
| विष खुवाएर | | | | | | | | ० |
| ज्यान मार्ने उध्योग | २२ | ६ | ६ | | १० | १३ | ५ | ६२ |
| भवितव्य ज्यान | ८८ | ७३ | ५७ | | ६१ | ४६ | २० | ३४५ |
| फुटकर ज्यान | १० | २६ | १ | | २५ | ६ | ६ | ७४ |
| गौवध | १ | ३ | | | १ | १ | | ६ |
| गर्भपतन | | | | | | | | ० |
| **जम्मा** | १३२ | ११७ | ६७ | ० | १०६ | ७५ | ३९ | ५३६ |
| विष खाएर | ३३ | ३२ | ८ | | १६ | १४ | १६ | ११९ |
| आगो लगाएर | १ | २ | १ | | १ | | | ५ |
| झुण्डिएर | ९० | ७७ | २७ | | ७० | ५४ | ३४ | ३५२ |
| हाम फालेर | | १ | | | २ | | | ३ |
| करेण्ट लाएर | | | | | | | | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| हात हतियार औजारवाट | | | | | | | | ० |
| पानीमा हाम फालेर(डुवेर) | | | | | | | | ० |
| **जम्मा** | **१२४** | **११२** | **३६** | **०** | **८९** | **६८** | **५०** | **४७९** |
| डाका चोरी | २ | | | | | १ | | ३ |
| रहजनी चोरी | | | | | १ | | | १ |
| नकबजनी चोरी | | २ | १० | | ४ | ५ | १ | २२ |
| जवरजस्ती चोरी | | | ६ | | २ | | | ८ |
| साधारण चोरी | ३६ | १५ | ३३ | | ११ | १३ | २ | ११० |
| सवारी चोरी | | | २ | | | | | २ |
| पुरातात्विक चोरी | | | | | | | | ० |
| चौपाया चोरी | | | | | | | | ० |
| **जम्मा** | **३८** | **१७** | **५१** | **०** | **१८** | **१९** | **३** | **१४६** |
| जूवा | १ | ४ | ८ | | ३ | १ | | १७ |
| खोटा चलन | | १ | २ | | | | | ३ |
| ठगी | १६ | २ | १७ | | ४ | १ | | ४० |
| लागू औषध | ५३ | ६१ | ३६ | | ६४ | १८ | ३ | २३५ |
| कालो बजार | | २ | २ | | २ | | | ६ |
| प्राचिन स्मारक | | | | | | | | ० |
| चंदा संकलन | | १ | | | | | | १ |
| सरकारी छाप दस्तखत किर्ते | ४ | १६ | १४ | | २ | १ | १ | ३८ |
| राहदानी | | | | | | | | ० |
| व्यक्ति अपहरण | २ | २ | | | १ | | | ५ |
| हातहतियार खरखजना | १० | ५ | २ | | २ | | २ | २१ |
| प्रतिलिपी अधिकार उल्लंगन | | | १ | | | | | १ |
| **जम्मा** | **८६** | **९४** | **८२** | **०** | **७८** | **२१** | **६** | **३६७** |
| केही सार्वजनिक अपराध | २२८ | २०५ | २४६ | | ११८ | ५५ | ३१ | ८८३ |
| नागरिकता सम्बन्धी | २ | | | | २ | | | ४ |
| कुटपिट अंगभंग | २ | ४ | | | | | | ६ |
| राज्य विरुद्दको अपराध | | | | | | | | ० |
| धर्म परिवर्तन | | १ | | | | | | १ |
| आवश्यक वस्तु संरक्षण ऐन | | | | | | | | ० |
| आवश्यक सेवा संचालन ऐन | | | | | | | | ० |
| जातीय भेदभाव तथा छुवाछूत | | | | | १ | | | १ |
| **जम्मा** | **२३२** | **२१०** | **२४६** | **०** | **१२१** | **५५** | **३१** | **८९५** |
| मा.वे.वि. तथा ओसारपसार | ७ | ५ | १ | १ | ९ | ४ | ६ | ३३ |
| बहु विवाह | १२ | ११ | ९ | | ७ | २ | १० | ५१ |
| वाल विवाह | | १ | | | १ | | | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जवरजस्ती करणी | २९ | २५ | १३ | | १८ | २० | ४ | १०९ |
| जवरजस्ती करणी उध्योग | १३ | ९ | ५ | | ७ | ७ | ३ | ४४ |
| अप्राकृतिक मैथुन | | | | | | | १ | १ |
| बोक्सीको आरोप | १ | | | | | २ | | ३ |
| घरेलु हिंसा | | | | | | | | ० |
| **जम्मा** | **६२** | **५१** | **२८** | **१** | **४२** | **३५** | **२४** | **२४३** |
| सवारी ज्यान | ३६ | ४७ | १५ | | ३८ | २० | ९ | १६५ |
| सवारी अंगभंग | ५ | ३ | ५ | | | | | १३ |
| सवारी दुर्घटना | | | | | | | | ० |
| सवारी वाट क्षती | | | | | | | | ० |
| **जम्मा** | **४१** | **५०** | **२०** | **०** | **३८** | **२०** | **९** | **१७८** |
| मा.बे.बि. तथा मानव अंग प्रत्यारोपण | | | | | | | | ० |
| मा.बे.बि तथा जवरजस्ती करणी | | | | | | | | ० |
| कुटपिट गरी गर्भ तुहाएको | | | | | | | | ० |
| जिउदो वच्चा जन्माई फालेको | | | | | | | १ | १ |
| आगलागी सम्बन्धी | २ | २ | | | ३ | ८ | | १५ |
| विष्फोटक पदार्थ | | | | | | | | ० |
| बम विष्फोटन | | | | | | | | ० |
| अपहरण तथा शरिर वन्धक | | | | | | | | ० |
| अपहरण तथा जवरजस्ती करणी | १ | | | | | | | १ |
| गोरुगाडाले किची मृत्यु | | | | | | | | ० |
| अपहरण तथा शरिर वन्धक उध्योग | | | १ | | | | | १ |
| संगठीत अपराध | | | | | | | | ० |
| विधुतिय कसुर तथा साईवर अपराध | | १ | ३ | | | | | ४ |
| दुरसंचार कसुर, टेलिफोन तार चोरी | २ | | | १ | | | | ३ |
| वैंकिङ कसुर | | | | | | | | ० |
| परिक्षा तथा शिक्षा ऐन | | | | | २ | | | २ |
| चौपायाको महल | | | | | | | | ० |
| चिठ्ठा | | | | | | | | ० |
| अन्य | | ३ | २ | | | १ | | ६ |
| जम्मा | ५ | ६ | ६ | १ | ५ | ९ | १ | ३३ |
| | पूर्वाञ्चल | मध्यमाञ्चल | उपत्यका | ब्युरो | पश्चिमाञ्चल | म.प.क्षे | सु.प. क्षे. | जम्मा |
| कुल जम्मा | ७२० | ६५७ | ५३६ | २ | ४९७ | ३०२ | १६३ | २८७७ |

| अपराध शिर्षक | पूर्वाञ्चल | मध्यामञ्चल | उपत्यका | ब्युरो | पश्चिमाञ्चल | म.प.क्षे. | सु.प. क्षे. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| खुन डाका | | | | | | १ | | १ |
| कर्तव्य ज्यान | ११ | ८ | ५ | | ७ | ५ | १ | ३७ |
| विष खुवाएर | | | | | | | | ० |
| ज्यान मार्ने उध्योग | १७ | ११ | ९ | | ४ | ५ | १ | ४७ |
| भवितव्य ज्यान | ११२ | ७७ | ६० | | ५८ | ४७ | ३२ | ३८६ |
| फुटकर ज्यान | २१ | २३ | १५ | | २९ | १४ | ५ | १०७ |
| गौवध | | ३ | | | | | १ | ४ |
| गर्भपतन | २ | १ | | | १ | | | ४ |
| **जम्मा** | **१६३** | **१२३** | **८९** | **०** | **९९** | **७२** | **४०** | **५८६** |
| विष खाएर | २८ | ३७ | ६ | | २६ | २३ | ३१ | १५१ |
| आगो लगाएर | १ | | २ | | २ | | | ५ |
| झुण्डिएर | १३४ | ७७ | ३९ | | ६२ | ६२ | ४० | ४१४ |
| हाम फालेर | | | | | १ | | | १ |
| करेण्ट लाएर | | | | | | | | ० |
| हात हतियार औजारवाट | | | | | १ | | | १ |
| पानीमा हाम फालेर(डुवेर) | | | | | | | १ | १ |
| **जम्मा** | **१६३** | **११४** | **४७** | **०** | **९२** | **८५** | **७२** | **५७३** |
| डाका चोरी | | ३ | ४ | | | | | ७ |
| रहजनी चोरी | | | | | | | | ० |
| नकबजनी चोरी | | ३ | ५ | | १० | ९ | | २७ |
| जवरजस्ती चोरी | | | ४ | | ४ | १ | १ | १० |
| साधारण चोरी | २५ | १७ | ४६ | | १८ | २३ | ५ | १३४ |
| सवारी चोरी | | १ | १ | | | ५ | २ | ९ |
| पुरातात्विक चोरी | | | | | | १ | | १ |
| चौपाया चोरी | | | | | | | | ० |
| **जम्मा** | **२५** | **२४** | **६०** | **०** | **३२** | **३९** | **८** | **१८८** |
| जूवा | | १४ | ५ | | ३ | ३ | | २५ |
| खोटा चलन | | | | | | | | ० |
| ठगी | १० | १० | २२ | ३७ | ३ | ६ | १ | ८९ |
| लागू औषध | ४४ | ४४ | २२ | | ६३ | २५ | १ | १९९ |
| कालो बजार | | ३ | १ | | १ | | | ५ |
| प्राचिन स्मारक | | | | | | १ | | १ |
| चंदा संकलन | | १ | | | | | | १ |
| सरकारी छाप दस्तखत किर्ते | १ | १३ | ६ | | २ | १ | २ | २५ |
| राहदानी | | | | | | | | ० |
| ब्यक्ति अपहरण | ३ | १ | २ | | १ | २ | | ९ |
| हातहतियार खरखजना | ३ | ३ | १ | | ३ | २ | २ | १४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रतिलिपी अधिकार उल्लंगन | | | | | | | | ० |
| **जम्मा** | **६१** | **८९** | **५९** | **३७** | **७६** | **४०** | **६** | **३६८** |
| केही सार्वजनिक अपराध | १८२ | २०३ | २७१ | | १०१ | ५४ | १६ | ८२७ |
| नागरिकता सम्बन्धी | १ | २ | | | | | | ३ |
| कुटपिट अंगभंग | १ | २ | २ | | | १ | | ६ |
| राज्य विरुद्दको अपराध | | | | | | | | ० |
| धर्म परिवर्तन | | | | | | | | ० |
| आवश्यक वस्तु संरक्षण ऐन | | | | | | | | ० |
| आवश्यक सेवा संचालन ऐन | | | | | | | | ० |
| जातीय भेदभाव तथा छुवाछुत | १ | | | | | १ | | २ |
| **जम्मा** | **१८५** | **२०७** | **२७३** | **०** | **१०१** | **५६** | **१६** | **८३८** |
| मा.बे.बि. तथा ओसारपसार | ३ | १ | ४ | | ४ | २ | ४ | १८ |
| बहु विवाह | ११ | १५ | ४ | | ८ | ३ | २ | ४३ |
| वाल विवाह | | १ | | | | १ | | २ |
| जवरजस्ती करणी | ३० | ३३ | १३ | | २४ | १७ | ९ | १२६ |
| जवरजस्ती करणी उद्योग | १४ | ७ | ४ | | ५ | ७ | ३ | ४० |
| अप्राकृतिक मैथुन | १ | २ | | | २ | | | ५ |
| बोक्सीको आरोप | | १ | | | | १ | | २ |
| घरेलु हिंसा | | | | | २ | | | २ |
| **जम्मा** | **५९** | **६०** | **२५** | **०** | **४५** | **३१** | **१८** | **२३८** |
| सवारी ज्यान | ४० | ४० | ११ | | ३२ | १२ | १३ | १४८ |
| सवारी अंगभंग | ४ | १ | १ | | २ | | १ | ९ |
| सवारी दुर्घटना | | | | | | | | ० |
| सवारी वाट क्षती | | | | | | | | ० |
| **जम्मा** | **४४** | **४१** | **१२** | **०** | **३४** | **१२** | **१४** | **१५७** |
| मा.बे.बि. तथा मानव अंग प्रत्यारोपण | | | | | | | | ० |
| मा.बे.बि तथा जवरजस्ती करणी | | | | | | | | ० |
| कुटपिट गरी गर्भ तुहाएको | | | | | | | | ० |
| जिउदो वच्चा जन्माई फालेको | | | | | | | | ० |
| आगलागी सम्बन्धी | | २ | २ | | ५ | १ | | १० |
| विष्फोटक पदार्थ | | २ | | | | १ | | ३ |
| बम विष्फोटन | | | | | | | | ० |
| अपहरण तथा शरिर वन्धक | | | | | | | | ० |
| अपहरण तथा जवरजस्ती करणी | १ | | | | | | | १ |
| गोरुगाडाले किची मृत्यु | | | | | | | | ० |
| अपहरण तथा शरिर वन्धक उद्योग | | | १ | | १ | | | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संगठीत अपराध | | | | | | | | ० |
| विधुतिय कसुर तथा साईवर अपराध | | | ५ | | | | | ५ |
| दुरसंचार कसुर, टेलिफोन तार चोरी | | १ | | | | | | १ |
| वैंकिङ कसुर | | | | १ | | | | १ |
| परिक्षा तथा शिक्षा ऐन | | | | | | | २ | २ |
| चौपायाको महल | | | | | | | | ० |
| चिठ्ठा | १ | | | | | | | १ |
| अन्य | ४ | २ | १ | | | | | ७ |
| **जम्मा** | ६ | ७ | ९ | १ | ६ | २ | २ | ३३ |
| | **पूर्वाञ्चल** | **मध्यमाञ्चल** | **उपत्यका** | **ब्युरो** | **पश्चिमाञ्चल** | **म.प.क्षे** | **सु.प. क्षे** | **जम्मा** |
| कुल जम्मा | ७०६ | ६६५ | ५७४ | ३८ | ४८५ | ३३७ | १७६ | २९८१ |

## विविध गतिविधि



*स्वेच्छिक अवकास लिनुभएका प्र.व.उ.सुबोध घिमिरेलाई विदाई गर्नुहुदै प्र.अ.म.नि. विज्ञानराज शर्मा*



*अपराध नियन्त्रणमा नागरिकको भूमिका विषयक अन्तर्क्रिया, भक्तपुर*



*अपराध नियन्त्रणमा खेलाडीको भूमिका विषयक अन्तर्क्रिया*



*जि.प्र.का.भक्तपुरको निरीक्षण गर्नु हुदै प्र.अ.म.नि. विज्ञानराज शर्मा*




*अपराध नियन्त्रण तथा शान्ति सुरक्षा सम्बन्धमा म.न.प्र.परिसर, ललितपुरमा भएको अन्तर्क्रिया*




*शान्ति सुरक्षा कायम गर्न खेलकुद क्षेत्रको भूमिका बिषयक अन्तर्किया कार्यक्रम, ललितपुर*

## जनचेतनामूलक सन्देश

महिला हिंसा, लैंगिक हिंसा र घरेलु हिंसाको अन्त्य गरौं ।

**धन्यबाद ।**